वर्ष : २१, अंक : १, काठमाडौं, २०८२ बैशाख ५ गते शुक्रबार, 18 April, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८२ को सुखद उपलक्ष्यमा सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभचिन्तक एवं समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मधेशवाणी परिवार

## प्रकाशकीय

# हामी २१औं वर्षमा

मधेश र मधेशीको अधिकार तथा विभेदमुक्त समाज निर्माण गर्न थालिएको **मधेशवाणी** यात्रा आजदेखि २१औं वर्षमा प्रवेश गरेको छ । हामीलाई २०औं वर्षे यात्रामा सहयोग गर्नुभएका सम्पादकमण्डल, पत्रकार, कर्मचारी, विज्ञापनदाता, वितरक, पाठक र शुभेच्छुक वर्गप्रति कृतज्ञता ज्ञापन गर्दछौं । सुख-दुःखसहितका हाम्रो यात्रामा सहयोग गर्नु भएका प्रत्येक व्यक्ति, संस्था, राजनीतिक दल र नागरिक समाजप्रति हामी सधैं आभारी रहने छौं । समुदायप्रति हाम्रो दायित्व र विभेदमुक्त नेपाल बनाउने सोचका साथ स्थापना गरिएको **मधेशवाणी** पत्रिका प्रारम्भमा पाक्षिक र हाल साप्ताहिक रूपमा पाठक माझ पस्किन पाउँदा हाम्रो टीम गौरवान्वित महसुस गर्दै आएको छ । सत्ता विभेद, संरचनागत विभेद, शासकीय विभेद, साम्प्रदायिक विभेद र स्वसामुदायिक विभेदका विरूद्धमा सक्रिय रहेको **मधेशवाणी** पत्रिका राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित छ । २० वर्षको यात्रामा भूलवश हाम्रो लेखन र प्रस्तुतिबाट कहि कतै र कसैलाई पीडित तुल्याएको छ भने क्षमायाचना गर्दछौं । हाम्रो **मधेशवाणी** परिवार मधेशी जनता र राष्ट्रप्रति थप जिम्मेवार भएर कार्य गर्ने कुरामा सबै पक्षलाई विश्वस्त गराउन चाहन्छौं । सक्षम, समृद्ध र विकसित मधेशसहितको नेपाल हामीलाई चाहिएको छ । विभेदमुक्त समाज चाहिएको छ । साम्प्रदायिक विभेद र मधेशी भए बापत पाइने पीडाबाट मुक्ति चाहिएको छ । साझा, स्वतन्त्र र विभेदमुक्त नेपाल निर्माणमा सबै तह र तप्काको सहकार्य खोज्दै मधेश र मधेशीमा रहेको कमीकमजोरी तथा राम्रा पक्षलाई औल्याउँदै हामी अघि बढ्ने छौं । विभिन्न किसिमका राजनीतिक असहयोग र बहिष्कारको राजनीति पश्चात पनि आदरणीय पाठक, विज्ञापनदाता, सुभेच्छुक संस्था र मधेशप्रति समर्पित केही नेताहरूको अमूल्य सहयोग र दिशानिर्देशकै कारण हामी २१औं वर्षमा प्रवेश पायौं । मधेशीहरूले अधिकार नपाउनुका पछाडि अवसरवादी र ठूला दलका दलाली गर्न मधेश छिरेका मधेशी नेताहरूको भूमिका यथेष्ट छ । सत्तामा नपुगुन्जेल मधेशीसँग विभेद भयो भनेर नारा अलाप्ने र आफै सत्तामा पुगेपछि मधेशीसँग थप विभेद गर्नेहरूको नेतृत्वले मधेश आन्दोलनको मानमर्दन भएको छ । अवसरवादी र भ्रष्टाचारी मधेशी नेतृत्वबाट सिंगो मधेशलाई जोगाउनुपर्छ । सरकारी अवसर पाएका जो कोहीलाई पनि उनका लगानी, जिम्मेवारी, कार्यशैली र परिणामका विषयमा सोधखोज गर्न थालिनुपर्छ । सत्तामा पुगेर ठूला दलको सेवा गर्ने, भ्रष्टाचार गरी मधेशवादलाई बदनाम गराउने, गैरमधेशीहरूबीच अवसर बाँडी आफ्नो खसभक्तिको निरन्तरता दिने र सत्ता बाहिर हुँदा मधेशवादको नारा अलाप्ने प्राविधिक, कुटिल र व्यावसायिक मधेशी नेताबाट जोगिनुपर्छ । अबका दिनहरूमा मधेशवाणी परिवार आफ्नो देश, मातृभूमि, मुद्दा र जनचाहनाप्रति थप सचेत भएर मधेश र देशलाई जोगाउन यथेष्ट प्रयत्न गर्दै जानेछ ।

**– प्रकाशक**

# जनमतको मधेश सरकार किन अलोकप्रिय हुँदै ?




जनकपुरधाम । जनता राज, स्वराज, सुशासन, समृद्धि लगायतका आकर्षक नारासहित गत निर्वाचनमा लोकप्रिय मत पाएको डा.सीके राउत नेतृत्वको मधेश सरकार पनि विगतका जसपा नेपाल सरकारभन्दा फरक नदेखिएको भनि आलोचना हुन थालेको छ । मधेश सरकारको नेतृत्व गर्ने मतादेश नपाएपनि पटक-पटक मुख्यमन्त्रीका लागि ठूला दलहरुसँग बार्गेनिङ्ग गर्दै आएका थिए डा.राउत । अन्ततः दुई ठूला एमाले र कांग्रेसले जनमतलाई मुख्यमन्त्री दिए । तर, जुन जोगी आएपनि कानै चिरेकोभैँ यो सरकारको पनि पर्फर्मेन्स गतिलो नदेखिएको आलोचकहरु बताउँछन् ।

हुन त जनमत नेतृत्वको सरकारले विगतका सरकारजस्तो ठूला काण्डहरु गरेको पाइँदैन । तर जनताले जनता राजको अनुभूति गर्न नपाएको सत्य हो । जनमत पार्टीका अगाडि ठूला चुनौतिहरु छन् भने त्यसलाई चिर्न सफल हुने अवसर पनि छ । जनमत पार्टी नेतृत्वको सरकारका काण्डहरु नबाहिरिएको होइन । हालै, मधेश प्रदेश सरकारले सर्वोच्च अदालतको निर्णयलाई छलेर प्रदेश सांसदका लागि विकास निर्माणको नाममा अर्बौं बजेट विनियोजन गरेको कुरा सार्वजनिक भएको छ । मधेश सरकारले प्रत्यक्ष निर्वाचित सांसदका लागि पाँच करोड र समानुपातिक सांसदका लागि डेढ करोड रुपैयाँ बराबरको विकास निर्माणका योजना दिएको चर्चा छ ।

सांसद विकास कोषका नामले परिचित संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा सर्वोच्च अदालतले २०८० भदौमा रोक लगाएको थियो तर मधेश प्रदेश सरकारले घुमाउरो तरिकाले सांसदहरूलाई विकासको नाममा रकम वितरण गरेको छ । मधेश प्रदेशमा प्रत्यक्ष जितेका सांसदको संख्या ६४ छ भने समानुपातिक सांसद संख्या ४३ छ । यसरी १०७ सांसदको नाममा मधेश सरकारले तीन अर्ब ८४ करोड ५० लाख रुपैयाँको बजेट विनियोजन गरेको छ । यसमध्ये अधिकांश योजनाको पत्र सांसदहरूले बुझिसकेको बताइन्छ ।

गत चैत २७ गते एमालेका नेता एवं मधेश प्रदेश सरकारका भौतिक पूर्वाधारमन्त्री सरोज यादवले प्रदेश सभामा यस सम्बन्धी खुलासा गरेका थिए । रातो किताबमा उल्लेख हुने गरी प्रत्यक्ष चुनाव जितेका सांसदलाई पाँच करोड बराबरको योजना दिने र समानुपातिकबाट सांसद भएकालाई डेढ करोड रुपैयाँ बराबरको योजना दिने सरकारले निर्णय गरेको छ ।

सांसदहरूले त्यही योजना पाएपछि मधेस प्रदेशमा विवाद उत्पन्न भएको छ । १०७ सांसदले नै योजना पाएका छन् । आ-आफ्नो निर्वाचन क्षेत्रमा विकास निर्माणका काम गर्नका लागि हरेक सांसदले पाएका यस्ता योजना उपभोक्ता समितिमार्फत कार्यान्वयनमा लैजाने भएकाले त्यसमा आर्थिक चलखेल भएको भन्दै प्रदेश सभा बैठकमै कुरा उठेको हो ।

सांसदहरूले योजनाको पत्र बुझे पनि हालसम्म कतिपय सांसदले वडामा दर्ता समेत नगराएको र आफ्ना बिचौलियामार्फत सो योजना बिक्री वितरण गरिरहेको आरोप प्रदेश सभा बैठकमै लगाइएको छ । कुन पार्टीबाट कति सांसदले योजनाको पत्र बुझे भन्ने फेहरिस्त नै भौतिक पूर्वाधार विकासमन्त्री सरोज यादवले प्रदेश सभामा प्रस्तुत गरेका थिए ।

मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहले संसदीय विकास कोषबाट सांसदले पाउने रकम बराबरको योजना सांसदहरूलाई

*बाँकी अन्तिम पृष्ठमा*

# उपसभामुखहरूलाई स्वागत तथा सम्मान



*राष्ट्रिय सभाकी उपाध्यक्ष विमला घिमिरेसहित सात वटै प्रदेशका उपसभामुखहरुलाई मधेश भवनस्थित मुख्यमन्त्री कार्यालयमा स्वागत तथा सम्मानपश्चात सामूहिक तस्वीर ।*

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले राष्ट्रिय सभाका उपाध्यक्ष विमला घिमिरेसहित सात वटै प्रदेशका उपसभामुखहरूलाई आफ्नो कार्यकक्षमा स्वागत तथा सम्मान गरेका छन् ।

बिहीबार साँझ मुख्यमन्त्री सिंहले उनीहरूलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयमा खादा लगाएर स्वागत तथा सम्मान गरेका हुन् ।

उपसभामुखहरूको भूमिकालाई थप प्रभावकारी र फराकिलो तुल्याउने उद्देश्यले बिहीबार जनकपुरमा आयोजना गरिएको सम्मेलनमा उनीहरूले आ-आफ्नो अनुभव साटासाट गरेका हुन् । संसदीय अभ्यासमा उपसभामुखहरूको भूमिका तथा नीतिगत सुधारका सवालहरूका विषयमा सात वटै प्रदेशका उपसभामुखहरूले आ-आफ्नो धारणा र अनुभव सुनाएका थिए ।

राष्ट्रिय सभाका माननीय उपाध्यक्ष विमला घिमिरेले उद्धाटन गरेको सम्मेलनमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह, मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल, मधेश प्रदेशकी उपसभामुख बबिता कुमारी राउत ईशरसहित सातै प्रदेशका उपसभामुख तथा संविधानविद् काशीराज दहालले आफ्ना धारणा राखेका थिए ।

उपसभामुखहरूले प्रदेश सभामा आफूले खेलेको भूमिकाप्रति सन्तुष्टि व्यक्त गरेका थिए । प्रदेश सभामा आफ्नो भूमिकालाई थप सशक्त र मजबुत बनाउन, विभिन्न राजनीति दलसँगको समन्वयलाई प्रभावकारी बनाउनु पर्नेमा उपसभामुखहरूले जोड दिएका थिए ।

सात बुँदे जनकपुर घोषणापत्र २०८२ समेत जारी गर्दै सम्मेलन सम्पन्न भएको छ ।

# ‘सरकार अभिभावक हुनुपर्छ, तर उल्टो शोषण गरिरहेको छ’



काठमाडौं । वित्तीय समस्या समाधान संयुक्त राष्ट्रिय अभियान (महासंघ) नेपालको आह्वानमा विभिन्न अभियानी संघ संस्थाहरूको आन्दोलनमा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले ऐक्यबद्धता जनाएका छन् ।

बिहीबार शान्ति बाटिका पुगी पूर्वउपप्रधानमन्त्री समेत रहेका अध्यक्ष महतोले सहकारी पीडित, लघुवित्तबाट ठगिएका गरिब जनता, बैंकिङ धोखाधडीका शिकार परिवार एवं अन्यायको आगोमा जलिरहेको बताए ।

उनले भने, ‘देशका हरेक तप्काका जनता असन्तुष्ट छन्, काठमाडौंको हरेक सडक आन्दोलित छन् । अब पापको घडा भरीसक्यो, कुनै पनि बेला फुट्न सक्छ ।’

‘सहकारी पीडित, वित्तीय तथा लघुवित्त पीडित, बैंक पीडित लगायतका विभिन्न खाले वित्तीय शोषणविरुद्ध न्यायपूर्ण संघर्षलाई अगाडि बढाउन राष्ट्रिय मुक्ति पार्टी, नेपालको एक्यबद्धता छ,’ उनले भने । महतोले सरकार अभिभावक हुनुपर्ने तर उल्टो शोषण गरिरहेको आरोप लगाएका हुन् ।

नेपाल सरकार र आयोजक संस्थाहरूबीच समय-समयमा भएका सम्झौताहरू हालसम्म पनि कार्यान्वयन नभएको र सरकारले आलटाल गर्दै पिडीतलाई झनै पीडित बनाउने गतिविधिले सरकार प्रतिको भरोसा दिनप्रतिदिन कम हुँदै गएको बताए ।

‘सरकारले गरेका वाचाहरू पूरा नगर्ने प्रवृतिले नै गर्दा नै सरकार र व्यवस्थाप्रति नागरिकको विश्वास कम हुँदै गएको हो । पीडितहरूको आँसु र रगतले सिँचिएको यो संघर्ष अब “अलपत्र विश्वास” भरमा होइन एकीकृत ढंगले अगाडि बढने छ,’ उनले भने ।

उनले भने, ‘यो नेपालको गरिब जनताको आर्थिक न्यायको लडाइँ हो । न्याय, समानता र आर्थिक शोषणको अन्त्यका लागि हुने यस संघर्षमा सम्पूर्ण नागरिक समाज, अभियानी समूह तथा पीडित वर्ग एकजुट भई आन्दोलनलाई सफल र परिणाममुखी बनाउन साथ र सहयोग गर्नुपर्छ ।’ विगत २ वर्षदेखि सहकारी एवं बित्त पीडितहरु संघर्षरत रहदै आएका छन् ।




## सम्पादकीय

# मधेशको दुर्दशाप्रति कहिले सचेत हुने ?

मधेशको दुर्दशाप्रति चिन्तितझैं देखिने राज्यसत्ता विभिन्न चातुर्यताका साथ नीतिगत, नियतीगत र स्वसामुदायिक दूत पठाएर दमन गराई मधेशको अधिकार प्राप्तिको आन्दोलन वर्षौं पछाडि पार्न सफल देखिएको छ। मधेशको नाममा राजनीति गर्ने र मधेश विरोधी शक्तिलाई पोषण दिने चरित्रका कारण मधेशी नेताहरू सामुदायिक बहिष्करणको शिकार बनेका छन्। मधेशको हविगत यस्तो हुनमा पनि यसका अगुवाहरू नै दोषी रहेको पाइन्छ। शहीदको रगतसँग मन्त्रालय साट्नेहरूप्रति मधेशी जनता आक्रोशित हुनु स्वाभाविक हो। तर, मधेशका अधिकांश अगुवाहरू गैरजिम्मेवार देखा परेका छन्। उनीहरूले आआफ्ना चरित्र तथा व्यवहार सुधार्नुभन्दा पनि मधेशी सञ्चारकर्मीहरूलाई नै दोषी देख्ने गरेका छन्। वा आक्रोश पोख्नेहरूलाई आफ्नो दलको मान्छे होइन यो मधेश विरोधी शक्तिका दूत हुन सम्म भन्न थालेका छन्। मधेशकेन्द्रित दलका नेताहरूले मात्रै होइन तिनका तल्लो तहका कार्यकर्ताहरू समेतमा मधेशवादको मात्रा न्यून देखिन्छ। मधेशकेन्द्रित दलमा मुद्दाभन्दा सत्ता र शक्ति प्राप्तिका लागि संघर्ष बढेको देखिन्छ। जनतासँग प्रतिशोध लिन सकिदैन र हुँदैन पनि। तर, मधेशकेन्द्रित दलका नेताहरूले आफूहरूलाई भोट नदिएको निहुँमा मधेशका जनताहरूसँग बेवास्ताको राजनीति गर्न थालेका छन्। मधेशमा भएको आगलागी र जनधनको क्षतिप्रति मौन बसेर जनतासँग बदला लिइरहेका छन्। मधेशी जनताको जनधनको क्षति भइरहँदा मधेशका राजनीतिक दल, संचार संस्था, नागरिक समाज र बौद्धिक वर्गको सामूहिक निष्क्रियताले लज्जाबोध गराएको छ। मत नदिएपछि मानवतासमेतको नाता नराख्नु मधेशी नेताहरूबाट थप के नै आश गर्न सकिन्छ र। यो भाव मधेशकेन्द्रित दलका नेताहरू नागरिक समाजका अगुवाहरू तथा मधेशी मानवअधिकारवादी अगुवाहरूसमेतको क्रियाकलापमा व्यवहारगत भिन्नता पाइएको छ। मधेशमा पत्रकारिताको विकास गराउने उद्देश्यका साथ विभिन्न दातृ निकायबाट लाखौं कुम्ल्याएर आफ्नै संचार संस्था खोलेका मधेशी नेताहरूले उक्त संचार संस्थाबाट पनि सचेतना अभियान नचलाएको हेर्दा हीनता बोध भएको छ। मधेशकेन्द्रित दलले मधेशी जनतासँग विश्वासघात गरेका छन्। मतादेशका विरूद्ध भ्रष्टाचार र जातिवादको आडमा राजनीति गरेर सच्चा मधेशवादीहरूलाई पलायन हुन बाध्य गरिएको छ। निजि सम्पत्ति, पारिवारिक नियुक्ति र खसभक्तिमा रूम्लिएका नेताहरूका कारण मधेश आन्दोलनका सहयात्रीहरू टाढिएका छन्। धोकाको राजनीति गरेका नेतृत्वहरूप्रति मधेश आन्दोलनका सहयात्रीहरू पुन: विश्वास गर्न चाहेका छैनन्। मधेशमा नयाँ शक्ति वा पृथक धारको राजनीतिक शक्तिको खोजी हुँदैछ। खसभक्तलाई बढारिने र मधेश विरोधी कार्य गरेकालाई सजाय दिन समुदाय तयार रहेको छ। मधेशी नेताहरूलाई अधिकार दिलाएको भए मधेश आन्दोलनमा शहिद भएकाहरूको शहादतको मूल्य खोइ ? भन्ने प्रश्न तेर्सिदैनथ्यो। अवसरवादी चरित्रले मधेश र मधेशको अधिकारलाई ठीक ढंगले अगाडि बढाउन नसक्नु मधेशका अगुवाहरूको गैरजिम्मेवार चरित्र हो। सञ्चार माध्यमको काम गलत व्यवहारको प्रदर्शन कुनै पनि नेता वा पार्टीको छवि धुमिल पार्न होइन उनीहरूलाई सुधार गर्नलाई हो। मधेशकेन्द्रित राजनीतिक दल, नागरिक समाज तथा मानवअधिकार क्षेत्रका अगुवाहरूले यस्तो मनसाय तथा आदर्शबाट माथि उठेर राजनीतिक गतिविधि अगाडि बढाउन पर्ने होइन र ? लोकतन्त्रको दुहाइ दिने यस्ता मधेशकेन्द्रित दलले एक पटक जनताले जिताए दुहुनुसम्म दुहुने अनि जिताए न भने गाली गर्ने प्रवृतिले मधेशको राजनीतिक दल र तिनका नेतालाई सुसंस्कृत बनाउन सक्दैन। यसबारे सोच्ने कि मधेश सञ्चार र सञ्चारकर्मीलाई गाली गरेर बस्ने आफै सोच्नु पर्ने बेला भएको छैन र ? मधेशका संचारकर्मी, अधिकारकर्मी र सच्चा नेताहरूबीच समयमै एकीकरण हुन सकेन भने मधेशका जनता कहिल्यै पनि अधिकार सम्पन्न हुन सक्दैन।

# मधेश आन्दोलन कसैको 'जागीर' होइन

**मैले गर्दा नै मधेश आन्दोलन भएको छ र मैले नै मधेश आन्दोलन गराएको छु भनेर धाक नलगाए हुन्छ। आन्दोलन भनेको समयको माग हो। फेरि जुन दिन मधेशी आमजनतालाई लाग्ला कि आन्दोलन हुनु पऱ्यो त्यो दिन स्वस्फूर्त आन्दोलन हुन्छ नै।**



**पशुपतिनाथ झा मधेशी**

**मधेश** आन्दोलन आजकै भनाउने नेताहरुले मात्रै गरेका रहेनछ। मधेश आन्दोलन मधेशी जनचेतनाको प्रतीक हो। समय-समयमा विभिन्न नेताहरु र मधेशका आमजनताहरुले मधेशका लागि आफ्ना योगदान र बलिदान दिएकै हो। मधेशी आमजनता र मधेशका अनगिनत अगुवा र सुभचिन्तकहरुले मधेश र मधेशी हकहितका लागि आफ्ना रगत बगाएकै हो। आफ्ना सर्वस्व दिएकै हो।

सन् १९५० आजभन्दा करीब ७५ वर्ष अगाडि नै मधेशको अमर शहीद स्व. श्री रघुनाथ ठाकुर जीले मधेश र मधेशी आम जनताको हकहितका लागि मधेश आन्दोलनको शुरुवात गर्नुभएको थियो। त्यै ताका उहाँले मधेश जनक्रान्तिकारी दलको स्थापना गरेर मधेश र मधेशी आम जनताहरुका लागि आवाज उठाउने शुरुवात गर्नुभएको थियो। उहाँले आफु बाँचुन्जेल धेरै संघर्ष गर्नुभएको थियो। भारतमा पुगेर उहाँले धेरैजसो राष्ट्रिय नेताहरुलाई भेटे, जसमा श्रीमती इन्दिरा गान्धी समेत हुनुहुन्थ्यो। उहाँले भारतीय नेताहरुसँग मधेश र मधेशी जनताहरुका समस्याको बारेमा आफ्ना कुराहरु राखेका थिए र छलफल गरेका थिए। मधेश र मधेशी जनताको हकहितका लागि संघर्ष गर्दा गर्दै सन् १९८१ मा उहाँको निधन भयो।

फेरि सन् १९५१ तिर नै श्री बेदानन्द झाज्यूको नेतृत्वमा मधेशी हकहितको लागि तराई-कांग्रेस पार्टीको पनि स्थापना भयो। तत्कालीन कांग्रेस पार्टीले मधेशीहरुसँग भेदभाव गरेकै आधारमा मधेश र मधेशीहरुको हकहितलाई ध्यानमा राखेर तराई कांग्रेस पार्टीको स्थापना भएको थियो।

त्यस्तै, सन् १९८५ मा सम्मानीय नेता गजेन्द्र नारायण सिंहज्यूको नेतृत्वमा नेपाल सद्भावना पार्टीको स्थापना भयो। नेपाल सद्भावना पार्टीको उद्देश्य पनि मधेश र मधेशी जनताकै हकहितका लागि थियो। मधेशी जनतासँग भैरहेको भेदभाव र मधेशी जनताले आत्मनिर्णयको अधिकार पाओस् भन्ने उहाँको अभिप्राय थियो। मधेशको पूर्वदेखि पश्चिमसम्म नेपाल सद्भावना पार्टीले मधेशी जनतामाथि पकड पनि बनायो। मलाई याद छ, पहिलो चुनावमै नेपाल सद्भावना पार्टीले ६-७ वटा सीट जितेको थियो। तर केही वर्षमै आपसी टुटफुट र मतभेदका कारण नेपाल सद्भावना पार्टी पनि कमजोर हुँदै गयो।

सन् २००७ मा उपेन्द्र यादवज्यूको नेतृत्वमा मधेशी जनाधिकार फोरमले नेतृत्व लियो। फोरमको नेतृत्वमा संविधानको प्रतिलिपि जलाइयो। धेरै मधेशी आन्दोलनकारीहरु समातिए। आन्दोलन काठमांडूदेखि पुरै मधेशमा चर्किंदै गयो। मधेशको सम्पूर्ण आन्दोलन अब फोरमको छाता मुनि हून थाल्यो। यही आन्दोलनको बीचमा रमेश महतोको हत्या गरियो। साथै २१ मार्च २००७ मा गौर घटना हुन गयो। गौर घटनामा धेरै मान्छे मारिनुको साथै कति मान्छे त बेपता नै पारियो। फोरमले गरेको आन्दोलनमा नेपाल सरकारसँग २२ बुँदे समझौता भयो। यहींबाट विगत र वर्तमानमा हुँदै भएका मधेश आन्दोलनले स्थायीत्व पायो। यो मधेश आन्दोलनलाई मधेश आन्दोलन पहिलो भनेर नामाकरण गरियो। मधेशको इतिहासमा पहिलो मधेश आन्दोलन भनेको यही हो।

त्यसपछि नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीहरुमा लागेका धेरै नेताहरु मधेशको राजनीतिमा लामबद्ध भए। धेरै मधेशी नेताहरु २२ बुँदे सम्झौता मानेनन्। मधेश आन्दोलन दोस्रोको आघाज भयो। नेपाल सरकार र यी नेताहरुका बीचमा ८ बुँदे सम्झौता भयो। यहाँसम्म पुग्दै मधेशमा आन्दोलनको चरण रोकियो। आन्दोलन त रोकियो तर नेपाल सरकारले कुनै पनि समझौतासँग इमान्दार रहेन। कुनै पनि सम्झौताको पालना गरिएन। उता माओवादी पार्टीबाट असन्तुष्ट भएका माओवादी पार्टीका नेता जयकृष्ण गोइतज्यू स्वतन्त्र तराईको माग राख्दै सशस्त्र आन्दोलनको बिगुल बजाउँदै आजसम्म पनि भारतमै निर्वासित जीवन बिताइरहन बाध्य भए। यहीं समयमा डा.सीके राउतज्यूले स्वतन्त्र मधेशको हरण बजाउँदै नेपालको राजनीतिमा नयाँ तरंग ल्याउनु भयो। पछि डा. साहेबको जनमत पार्टीको चुनाव चिन्ह पनि हरण छाप नै रह्यो।

पहिलो र दोश्रो संविधान सभाको चुनाव हुँदै वि.सं. २०७२ सालमा नेपालको जनताले नयाँ संविधान पायो। यस संविधानमा मधेश आन्दोलन र मधेशीहरुसँग गरिएको सम्झौताहरुलाई सम्पूर्ण बेवास्ता गरियो। मधेशी नेता र मधेशी आम जनताहरुले यस संविधानको विरोध स्वरुप तेस्रो मधेश जनआन्दोलनको सुरुवात गरे। आन्दोलन अभूतपूर्व र लामो चल्यो। आन्दोलनको इतिहासमा लगभग ६ महिना लामो आन्दोलनको रुपमा कीर्तिमान स्थापित भयो। तर जे जति आन्दोलन गरे पनि अन्त्यमा केही न लागेर आन्दोलनमा सयौं मधेशी जनताहरुले सहादत दिए पनि मधेश र मधेशी आम जनताको केही लागेन। मधेशका नेताहरुले नै त्यत्रा जनआन्दोलन तुहायो भन्ने आम जनताले आरोप लगाए। मधेश आन्दोलनको पुरै बेवास्ता गरियो। मधेशी नेता र मधेशी जनता निरीह भएर बाँच्न बाध्य भए। तेश्रो मधेश आन्दोलनसँगै यहीं संविधानमा रमाउन बाध्य भए मधेशका आमजनताहरु।

समग्रमा के छ भने मधेश आन्दोलन समय हिसाबले चलि नै रहने हो। यो आन्दोलन मधेश र मधेशी माथि भैरहेको अन्याय, अत्याचार र मधेशीहरुको हकहितका लागि हुने हो। यो आन्दोलनको आडमा कसैले केही दिन मात्रै व्यक्तिगत फ़ाइदा उठाउन सकला। मधेशी आम जनता अब त्यति बुझ्न सजग भैसकेका छन् कि केही नेताहरु हाम्रो मधेशप्रतिको सम्बेदनालाई आफ्नो फाइदाको रुपमा उपयोग गरिराखेका छन्। त्यसैले कोही पनि मधेशी नेता आफ्नै चुनाव क्षेत्रबाट पटक-पटक चुनाव जित्न सकिरहेका छैनन्। तर दुर्भाग्य त यो छ कि मधेशले अहिलेसम्म ईमानदार, त्यागी र मधेशका हकहितका लागि मरी मिटने नेता पाएको छैन। मैले गर्दा नै मधेश आन्दोलन भएको छ र मैले नै मधेश आन्दोलन गराएको छु भनेर धाक नलगाए हुन्छ। आन्दोलन भनेको समयको माग हो। फेरि जुन दिन मधेशी आमजनतालाई लाग्ला कि आन्दोलन हुनु पऱ्यो त्यो दिन स्वस्फूर्त आन्दोलन हुन्छ नै। आन्दोलन भनेको बदलावका लागि हो र त्यो कुरा समयले निर्धारित गर्ने हो कुनै नेताले होइन। हो, आन्दोलनमा कोही न कोही नेता हुन्छ तर को हुन्छ त्यों अहिले नै भन्न सकिदैन। तसर्थ हामी हेर्दै जाउँ फेरि पनि मधेश आन्दोलन हुने नै हो र त्यों आन्दोलनले नै मधेशको दिशा र दशालाई निर्धारित गर्ने हो। जय हो।



# जय हरियाली अभियन्ता पौडेलद्वारा वातावरण संरक्षणको माग

बर्दिया। जिल्लाको गुलरिया नगरपालिका वडा नं. ७ बस्ने जय हरियाली अभियन्ता तथा संचारकर्मी कमल राज पौडेल देवकमल र अधिकारकर्मी मनिश गुप्ताले वन विनास गर्दै कालोपत्रे सडक बनाउने तयारी भइरहेको बताउँदै सरोकारवाला निकायहरुलाई धयानाकर्षण गराएका छन्। उनीहरुले जिल्ला प्रशासन कार्यालय, बर्दिया, डिभिजन वन कार्यालय, बर्दिया र राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यालय, नेपालगंज, बाँकेलाई आवश्यक कारवाहीको मागसहित वातावरण संरक्षणका लागि ध्यानाकर्षण निवेदन पत्र पेश गरेका हुन्।

जिल्लाको गुलरिया नगरपालिका वडा नं. १२ अन्तर्गत बिक्री भवानी सामुदायिक वन उपभोक्ता समिति र बारबर्दिया नगरपालिका वडा नं. ११ स्थित काला बेलभार सामुदायिक वन क्षेत्रभित्र गैरकानुनी रूपमा वन फडानी गर्दै कालोपत्रे सडक निर्माणको तयारी भइरहेको जानकारी गराउँदै उक्त कार्यप्रति अभियन्ता पौडेल र अधिकारकर्मी गुप्ताले आपत्ति जनाएका छन्।

उनीहरुले उक्त कार्य तत्काल रोक्न माग गरेका हुन्। निवेदनमा वातावरण संरक्षण ऐन, वन ऐन र नेपालको संविधानले प्रत्येक नागरिकलाई दिएको स्वच्छ वातावरणमा बाँच्ने अधिकारको उल्लंघन गर्दै वन फडानीको तयारी भइरहेको उल्लेख छ। सडक निर्माण आवश्यक भए पनि त्यसको वैज्ञानिक अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन र कानुनी प्रक्रिया नअपनाई जंगल मास्नु गम्भीर विषय हो, निवेदनमा भनिएको छ।

उनीहरुले निवेदनमा भनेका छन्, 'यदि सम्बन्धित निकायले समयमै हस्तक्षेप नगरेमा सामुदायिक वनको संरचना, जैविक विविधता र वातावरणीय सन्तुलनमा गम्भीर असर पर्नेछ। निवेदकहरूले राष्ट्रिय मानवअधिकार आयोग मार्फत तत्काल सो अवैधानिक कार्य रोकी वातावरण संरक्षण सुनिश्चित गर्न आग्रह गरेका छन्। यदि यस विषय प्रति गम्भीर नभए आफुहरु उच्च अदालतसम्म जाने कुरा समेत उनीहरुले प्रष्ट पारे।

राष्ट्रिय साप्ताहिक
मधेशवाणी



# योजनाको बारेमा जानकारी गराउन सांसदहरूलाई पत्र दिएको कुरा सही हो

**कमिसन लिएरमात्र उपभोक्ता समिति गठन गरेर योजना सञ्चालन गरेका छन् भन्ने गुनासो छ। गाउँ-गाउँमा गएर बिचौलियाहरूले योजनाको खरिद-बिक्री गरिरहेको कुरा बाहिर आएका छन्। त्यसमा कति सत्यता छ भन्ने कुरा म भन्न सक्दिनँ।**



## कृष्णा यादव

**नेपाली कांग्रेस, मधेश प्रदेशका सभापति एवं प्रदेश सभा सदस्य**

**० मधेश प्रदेश सभामै सरकारका मन्त्रीले तपाईं लगायत सबै सांसदको पोल खोल्नुभएको छ, यस्तो किन ?**

– प्रदेश सभामा पूर्वाधारमन्त्री सरोज यादवले दिनुभएको मन्तव्यमा तपाईंहरूले जे सुन्नुपर्ने, त्यही सुन्नुभयो तर पूरा सुन्नु भएन। वास्तविकता अर्कै छ। त्यो तपाईंहरूले बुझ्नुपर्ने हो। मुख्यमन्त्रीले सदनमा प्रतिबद्धता जनाउनु भएको थियो कि प्रत्यक्षबाट जितेका सांसदहरूको सिफारिसमा पाँच करोड रुपैयाँ बराबरको कार्यक्रम राख्ने र समानुपातिक सांसदको सिफारिसमा डेढ करोड रुपैयाँ बराबरको कार्यक्रम राख्ने।

बजेट आएपछि रेडबुकमा प्रतिबद्धता अनुसार कार्यक्रम थिएनन्। अनि हामीले उहाँसमक्ष 'तपाईंले गरेको प्रतिबद्धता अनुसार बजेट र कार्यक्रम आएन त' भनेर प्रश्न गर्‍यौं।

त्यसपछि विभिन्न मन्त्रालयमार्फत सांसदको नाममा कार्यक्रम तथा योजनाहरू राख्ने काम भयो। त्यसरी प्रत्यक्ष जितेका सांसदका लागि पाँच करोड र समानुपातिक सांसदका लागि डेढ करोड रुपैयाँ पुग्ने गरी योजना राखियो। हाम्रो पार्टीबाट कुनै पनि सांसदले व्यक्तिगत रूपमा कुनै पनि योजना लिनुभएको छैन।

**० अनि कांग्रेसका सांसदले यति योजनाको पत्र बुझेको भनेर सदनमै भनिएको छ नि, त्यो के हो ?**

– मैले भनेँ नि, हामीले व्यक्तिगत रूपमा लिएको होइन। मुख्यमन्त्रीले नै विभिन्न सांसदको नाममा योजना राखिदिनु भयो। त्यही योजना हुन्। जसको नाममा जे परेको छ, त्यो सिफारिसको आधारमा पत्र बुझेकोमात्र हो। तर यहाँ सांसदले मन्त्रालयमा योजना माग गरे, र योजना परेपछि पत्र बुझेर आफूखुसी योजना सञ्चालन गर्न लागेका हुन् भन्ने सन्देश गएको छ। वास्तवमा त्यस्तो होइन, सरकारले सांसदको नाममा योजनाहरू राखेको छ र आफ्नो योजनाको बारेमा पत्रमार्फत जानकारी लिएका हुन्।

**० योजनाका पत्र लगेर त्यसलाई कमिसनमा बेचबिखन गरेको आरोप लगाइएको छ, त्यो के हो त ?**

– यो कुरा मलाई थाहा छैन। पत्र लिएर सांसदहरूले बेचेका छन् कि गोजीमा राखेका छन् वा काम गराएका छन् भन्ने कुराको जवाफ म दिन सक्दिनँ। मैले पनि तपाईंहरूले सुनेजस्तै सांसदहरूले कमिसनमा आफ्नो योजना बेचेका छन् भन्ने सुनेको छु। कमिसन लिएरमात्र उपभोक्ता समिति गठन गरेर योजना सञ्चालन गरेका छन् भन्ने गुनासो छ। गाउँ-गाउँमा गएर बिचौलियाहरूले योजनाको खरिद-बिक्री गरिरहेको कुरा बाहिर आएका छन्। त्यसमा कति सत्यता छ भन्ने कुरा म भन्न सक्दिनँ।

म आफ्नो जिम्मेवारी लिन सक्छु। म आफ्नो बारेमा भन्न सक्छु। म त्यस्तो योजना खरिद-बिक्रीमा लागेको छैन। यदि कसैले कहीँबाट पनि कुनै प्रमाण दिएमा जुनसुकै सजाय भोग्न तयार छु। अरुले के गरिरहेका छन् भन्ने म भन्न सक्दिनँ। कुन सांसदले पत्र पाए, कहाँ काम गराए, कहाँ के गरे भन्ने कुराको जवाफ सम्बन्धित सांसदले नै दिनुहोला।

**० सांसदहरूले पाएका योजनाका पत्रचाहिँ कस्ता हुन् ?**

– पहिला संसदीय कोष हुन्थ्यो। त्यो हुँदा त्यस्तो कुनै समस्या हुँदैनथ्यो तर सर्वोच्च अदालतले रोक लगाएपछि सांसदहरूलाई आफ्नो क्षेत्रमा काम गर्न निकै गाह्रो भइरहेको छ। त्यसपछि सांसदहरूले मन्त्रालयहरूसँग मागेर विभिन्न योजना आ-आफ्नो क्षेत्रमा लग्न थाले। त्यसमा पनि गोलमाल हुन थालेपछि मुख्यमन्त्रीले प्रत्यक्ष सांसदलाई पाँच करोड बराबरको र समानुपातिकका सांसदलाई डेढ करोड बराबरका कार्यक्रम दिने भनेपछि सबै सांसदको नाममा केही न केही योजना पर्ने भयो।

कसैको सिफारिसको आधारमा पर्‍यो भने कसैको त्यतिकै पनि पर्‍यो। जुन योजना पर्‍यो, त्यसको जानकारी सांसदहरूलाई गराइएको छ। त्यसलाई नै योजनाको पत्र भनिएको हो। पहिला संसदीय कोषको रकम जिल्लामा पठाइन्थ्यो। त्यसपछि यो-यो काम गर्ने भनी सांसदले आफ्नो लेटरप्याडमा सिफारिस गरेपछि त्यो अनुसार काम हुन्थ्यो। त्यति धेरै झन्झट हुँदैनथ्यो।

मुख्यमन्त्रीले कुनै सांसदलाई पाँच करोड बराबरको कार्यक्रम दिनुभएको छ भने कुनै सांसदलाई तीन करोड, दुई करोडको पनि दिनुभएको छ। जसलाई पाँच करोड पुगेको छैन, बाँकी रकमको योजना विभिन्न मन्त्रालयले दिएका छन्। अर्थात् विभिन्न मन्त्रालय मिलाएर प्रत्यक्षतर्फका सांसदले पाँच करोड बराबरको योजना पाएका छन्। भौतिक, पूर्वाधार मन्त्रालयबाट पनि पाएका छन्। त्यही योजना परेको जानकारी मन्त्रालयले सांसदलाई पत्रमार्फत गराएको हो। त्यही कुरा मन्त्री सरोज यादवले प्रदेश सभामा भन्नुभएको छ।

मान्छेको बुझाइ र सुनाइमा फरक परेको छ। मन्त्रीले ठिक भन्नुभएको छ तर मान्छेहरू आ-आफ्नो सुविधा अनुसार सुनेर त्यसको व्याख्या गरिरहेका छन्। त्यही भएर काम बिग्रिएको हो।

**० त्यसो भए मन्त्री सरोज यादवले संसद्मा राख्नु भएको कुरा सही हो ?**

– मन्त्रीजीले संसद्मा राख्नुभएको कुरा वास्तवमै सही हो तर त्यसलाई कुन व्यक्तिले कुन रूपमा लिए, त्यो मुख्य कुरा हो। योजनाको पत्र लिएर त्यसलाई खरिद-बिक्री गरेको चर्चा बढी भइरहेको छ। कांग्रेसले पनि त्यही गर्‍यो, एमाले, माओवादी, जसपा नेपाल, जनमतले पनि त्यही गर्‍यो भन्ने बुझाइ धेरैको छ। पत्रकारहरूले पनि त्यही बुझेका छन्। वास्तविकता त्यो होइन। योजनाको बारेमा जानकारी गराउन सांसदहरूलाई पत्र दिएको कुरा सही हो। मन्त्रीले संसद्मा राखेको कुरा पनि सही हो तर योजना खरिद-बिक्रीको जुन कुरा आइरहेका छन्, त्यो कति सही, कति गलत भन्ने कुरा मलाई थाहा छैन।

**० योजना साँच्चै खरिद-बिक्री भइरहेका छन् त ?**

– त्यो कुरा मलाई थाहा छैन। जसले खरिद-बिक्री गर्छन्, त्यसलाई मात्र थाहा होला। न मैले खरिद गरेको छु, न बिक्री गरेको छु। सञ्चारमाध्यममा यसको चर्चा भएपछि मैले विज्ञप्ति जारी गरेरै भनेँ कि बजारमा जुन हल्ला आइरहेका छन्, त्यो सत्य हो भने त्यसको साक्षी किनारा हामी अर्थात् नेपाली कांग्रेस बस्दैन।

**० यदि यस्तो भइरहेको छ भने सिधै संघीयतामै असर पर्नेछ भनी टिप्पणी भइरहेका छन्। यसले संघीयतालाई असर गर्छ भन्ने तपाईंलाई लाग्छ ?**

– यस्तो नकारात्मक गतिविधि भयो भने जनताले प्रश्न त उठाउँछन्। जनताको अधिकार, पहिचान, विकास र समृद्धिका लागि संघीय लोकतान्त्रिक व्यवस्था आएको हो तर त्यही व्यवस्थामा यस्तो घृणित काम भयो भने प्रश्न त उठ्छ नै। यसखालको कुरा कसैबाट उठ्नु हुँदैन। जनताको सेवाका लागि जुन काम गर्नुपर्ने हो, त्यही गर्नुपर्छ। आफ्नो व्यक्तिगत स्वार्थका लागि केही गर्नु हुँदैन। यदि कसैले व्यक्तिगत स्वार्थका लागि कुनै काम गरिरहेका छन् भने त्यसमाथि जनताले अवश्य प्रश्न उठाउँछन्। यसले गणतन्त्र र संघीयतामाथि पनि असर पर्छ। कहिले काहीँ राम्रो काम गर्दा पनि त्यसको बारेमा नराम्रो प्रचार भयो भने त्यसले ठुलो असर पार्छ। अहिले संसद्मा उठेको मामुली कुरा हो तर त्यसलाई विकराल बनाइएको छ। *-रातोपाटीबाट साभार*

## सरकारको लुटआतंकले व्यापार व्यवसाय धरासायी : प्रभु साह

काठमाडौं। आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले भगौडा दलाल बर्गको नेतृत्व गरेका प्रधानमन्त्री केपी शर्मा ओलीका कारण व्यापार व्यवसाय धरासायी हुदै गएको टिप्पणी गरेका छन्।

आजपा काठमाडौं उपत्यका विशेष कमिटीको काठमाडौं, कोटेश्वरमा बसेको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले प्रधानमन्त्री ओली नेतृत्वको सरकारले भगौडा दलाल बर्गको नेतृत्व गरेको गम्भिर आरोप लगाए।

'वर्तमान सरकार मजदुर, किसान, श्रमजीविको पक्षपोषण गरिरहेको छैन्। भगौडा दलाल बर्गको अभिभावक बनेका प्रधानमन्त्रीजीले भगौडा दलाल बर्गकै नेतृत्व गरिरहेका छन्', आजपा अध्यक्ष




साहले भने, 'नेपालमा लुटेर बिदेशमा पैसा थुपार्ने, बिदेश भाग्ने, नेपालको पुँजी बिदेश लैजानेलाई प्रधानमन्त्रीले संरक्षण गरिरहेका छन्।'

भगौडा, दलालको सरकारका कारण मुलुकको आर्थिक अवस्था उजाड भएको बताउदै उनले वर्तमान सरकार रहेसम्म मुलुक समृद्ध हुन नसक्ने टिप्पणी गरे। काठमाडौंबाट कवाड व्यवसायी, सानादेखी ठुला व्यापारीलाई लखेट्ने काम हुँदैगर्दा ओली सरकार किन मौन बसेको भन्दै उनले प्रश्न समेत गरे।

अहिले मुलुकमा भ्रष्टाचार, अनियमितता, कुशासन, सरकारको मनोमानी कर आतंक बढ्दै गईरहेकाले मुलुकको आर्थिक अवस्था धरासायी बन्दै गईरहेको उनले बताए। सानादेखी ठुला व्यापारीहरुलाई लखेट्ने काम सरकारले नै गरिरहेको बताउदै उनले अब सरकारलाई नै सिंहदरवारबाट लखेट्न आवश्यक रहेको बताए।

आउँदो १५ जेठमा सिंहदरवार घेराउ गर्ने आजपाले यस अघि नै निर्णय गरिसकेको छ। त्यसभन्दा अघि देशका प्रमुख शहरमा आजपाले खबरदारी सभा एवं विरोध प्रदर्शन गर्दैछ। आम नेपालीले प्रधानमन्त्री ओली नेतृत्वको सरकारलाई सिंहदरवारबाट लखेट्न आतुर रहेको टिप्पणी उनले गरे।

## आईटी आर्मीको कास्की जिल्ला कमिटी गठन

पोखरा। आम जनता पार्टी (आजपा) निकटको आईटी आर्मीको कास्की जिल्ला कमिटी गठन भएको छ। मौजेलाल यादवको अध्यक्षतामा १ सय २३ सदस्यीय कास्की जिल्ला कमिटी गठन भएको हो।

आईटी आर्मीका संगठन विभाग प्रमुख आर्या पाण्डेका अनुसार आईटी आर्मी कास्कीको उपाध्यक्षमा अवधेश प्रसाद यादव, सचिवमा रविन प्रसाद यादव, सहसचिवमा अर्जुन यादव र कोषाध्यक्षमा रिना विश्वकर्मा रहेका छन्।

यसैगरी सदस्यहरुमा सोतीलाल साह, पनिलाल राय यादव, अर्जुन ठाकुर, रामभवन यादव, जयप्रकाश बैठा, वीरेन्द्र साह, रामनरेश साह, विकास अधिकारी, साजन थापा मगर, पनिलाल यादव, सीताराम गिरी, लोकनाथ पटेल, इकेश बराल, रामकुमार कार्की, सिभिङ गुरुङ, अर्जुन विश्वकर्मा, कृष्ण पहाडी अनिल क्षेत्री, रामभरोस महतो रहेका छन्।

यस्तै सदस्यहरुमा खेयली थापा, श्यामकिशो यादव, आयूषा भट्टराई, सुन्दर सुनार, सराजुल अन्सारी, मनजरुल अन्सारी, बिजय नेपाली खाती, भुवन दियाली, जगजीवन राम, कमलेश राम, गणेश राई, समिर राई, दिपक मर्जी, सन्देश यादव, कोलिल पहाडी, नारायण महतो, दिनेश माझी, कालीबहादुर क्षेत्री, गान्धी साह, संजय साह, प्रेमचन्द्र साह, नागमणी साह, अंकित राणा मगर, अजय पण्डित, सचिव गुरुङ, बबिन सुनार लगायतका रहेका छन्।

# अनिल झाले नैतिकहीन र गैरकानूनी कार्य गरेको आरोप

काठमाडौं । पूर्वमन्त्री एवं लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता अनिलकुमार झाले नैतिकहीन, गैरकानूनी तथा गैरराजनीतिक कार्य गरेको आरोप लागेको छ ।

नेपाल सद्भावना पार्टीका रामकुमार महतोले पूर्वमन्त्री झाले षड्यन्त्रपूर्वक नैतिकहीन कार्य गरी आफ्नो पार्टी कब्जा गर्ने दुस्प्रयास गरेको बताएका छन् ।

अनिल झाले पार्टी हत्याउन रामकुमार महतोलाई अपहरण गराउने, ज्यान मार्नेसम्मका कार्य गरेको आरोप लगाइएको छ ।

*रामकुमार महतोले जारी गरेको विज्ञप्तिः*

पुर्वमन्त्री अनिलकुमार झाको नैतिकहिन, गैरकानूनी, तथा गैर राजनीतिक कार्यको घोर भर्त्सना ।

**आदरणीय संचारकर्मी, पत्रकार बन्धु तथा न्यायप्रेमी जनसमुदायहरु :**

नेपाल सरकारका पुर्वमन्त्री, पुर्व सांसद समेत रहेका हाल लोसपाका वरिष्ठ नेता अनिलकुमार झाजी केहि दिन अघि गर्नुभएको नैतिकहिन, गैरकानूनी, तथा गैर राजनीतिक कार्यको घोर भर्त्सना गर्दै यो प्रेस विज्ञप्ती जारी गर्दे छु ।

यही मिति २०८१ मंसिर १, २, ३ गते सम्पन्न यस नेपाल सदभावना पार्टीको राष्ट्रिय महाधिवेशनबाट सर्वसम्मत्त रुपमा म रामकुमार महतो केन्द्रिय अध्यक्षमा निर्वाचित भएको यहाँहरुलाई सर्वविधित नै छ । निवार्चन आयोगले समेत २०८१ पुष २४ गते यस नयाँ कार्यसमिति र शंसोधित विधान २०८१ लाई अध्यावधिक गर्दै प्रमाणपत्र समेत प्रदान गरिसकको छ । तर यसैबीचमा पार्टी र म विरुद्ध केहि घृणित कार्यहरु भएका छन् । जसको उजागर गर्न जरुरी देखिन्छ । मिति २०८१ साल चैत्र ९ गते शनिवार यस नेपाल सदभावना पार्टीको केन्द्रिय कार्यालय जनकपुरधाममा पार्टीको केन्द्रिय कार्यसमितिको बैठक आयोजना भयो । बैठकमा नेपाल सदभावना पार्टी र राष्ट्रिय सदभावना पार्टीबीच एकिकरण तथा पार्टीका नियामावली एंव घोषणापत्र सम्वन्धी छलफलबारे प्रमुख एजेण्डा रहेको थियो । बैठक सुरु भएको एक घण्टापछि अचानक अनुमति बिना नै बैठक हलमा अनिलकुमार झाजीको प्रवेश भयो । उहाँ नेपाल सरकारका पुर्वमन्त्री समेत रहेका लोसपाका बरिष्ठ नेता समेत हुनुहुन्छ । तर पनि हामिले उहाँलाई सम्मान गर्दै बैठकमा आसनग्रहण गरायौं । उहाँले आफूलाई नेपाल सदभावना पार्टीको केन्द्रिय अध्यक्ष पदमा चैन गर्न प्रस्ताव राख्नुभयो । हामि आश्चर्य चकित भयौं, यसरी कसरी हुन्छ ? हाम्रो विधि विधान पनि त छ, भन्दै साथीहरुले प्रतिकार पनि गर्नु भयो । तर पनि पछि छलफल गरौंला आजको बैठक अर्के एजेण्डामा केन्द्रित छ । पछि छलफल गरौंला भन्दै उहाँलाई बैठकबाट विदा गरियौं । त्यसपछि नियामित ढङ्गबाट बैठक संचालन भई सम्पन्न भयो ।

त्यसपछि अनिलकुमार झाजी कै षडयन्त्रमा मिति २०८१ चैत्र २१ गते यस पार्टीका सहमहासचिव सुजयकुमार झाले पार्टी प्रवेश गर्ने व्यक्तीलाई भेट्न जाऔं भन्दै म रामकुमार महतोलाई आफ्नो मोटरसाइकलमा बसाई महोत्तरी जिल्ला लानु भयो । म स्वयं जान इच्छुक भंए । मलाई कुनै षडयन्त्रको अनुभूती भएन तर उहाँले मलाई महोत्तरीको मनराशिशवा नपाको एक सुनसान ठाँउमा लग्नुभयो । कसैलाई मोवाइलमा लाइभ लोकेशन समेत सेयर गर्दै मलाई उक्त सुनसान



स्थानमा पुचाउनु भयो । त्यहाँ अन्य ३ जना परिचालित थिए । जसमा एक जना ब्यक्तिसँग हतियार (पेस्तोल) समेत थियो । उनीहरुले मलाई डर, त्रास र पेस्तोल समेत देखाई एक राजिनामा पत्र र अन्य कागजातहरुमा हस्ताक्षर गर्न अराइरहे तर मैले कुनै पत्रमा हस्ताक्षर गरिन । मोवाइलको मद्दतबाट जेनतेन स्थानीय नगर प्रहरी र मनराशिशवाको नेपाल प्रहरीअ द्वारा म उद्दार भएं । उक्त घट्नापछि सोही ठाँउमा सोही दिन रहेको मनराशिशवा प्रहरीमा रिर्पोट समेत लेखाएको छु ।

हाम्रो पार्टीको विधान अनुसार नयाँ अध्यक्ष चयन गर्न की केन्द्रिय अध्यक्षको राजिनामा, की अविश्वासको प्रस्ताव पारित, की अध्यक्षको मृत्यू वा कुनै कारणबाट अध्यक्ष पद रिक्त भएमा विशेष महाधिवेशनबाट मात्र केन्द्रिय अध्यक्ष चयन हुने अथवा केन्द्रिय अध्यक्ष स्वयले राजिनामा गरी नयाँ केन्द्रिय अध्यक्ष मनोनित गरेपछि केन्द्रिय कार्यसमितिले नयाँ अध्यक्ष चयान गर्ने प्रावधान रहेको छ । सोही प्रावधान अनुसार अनिलकुमार झाजी आफू अध्यक्ष बन्ने प्रयासमा रहेको अहिले बुझिएको छ । जवकी उक्त प्रावधानअनुर कुनै पनि वैधानिक कार्य भएको छैन तर अनिलकुमार झाजीले बिभिन्न किर्ते कागजातहरु त्यार गरी जालसाझी शैलीमा आफू अध्यक्ष भएको र आफ्नो अनुकुलको केन्द्रिय समिति समेत तयार पारी २०८१ चैत्र २९ गते निर्वाचन आयोगमा प्रस्तूत भएको हुँदा उक्त कार्य प्रति गम्भिर ध्यानाकर्षण भएको छ । साथै विधान अनुसार निर्णय समेत कुनैपनि कागजातमा प्रमाणित गर्ने अधिकार केवल अध्यक्षलाई हुँदाहुँदै निर्वाचन आयोगमा प्रस्तूत गरिएका किर्ते कागजातहरुमा महासचिव सरस्वती कुमारी झाको हस्ताक्षर समेत देखिएकाले उक्त गैरवैधानिक कार्यप्रति समेत हाम्रो ध्यानाकर्षण भएको छ ।

अतः अनिलकुमार झाजीको षडयन्त्रमूलक कार्यको भर्त्सना सहित उक्त किर्ते कागजातहरुका अधारमा कुनै पनि निर्णय नलिन निर्वाचन आयोगलाई आग्रह समेत गर्दे हाम्रा दुई महासचिव मध्ये दोस्रो महासचिव सरस्वती कुमारी झा, सहमहासचिव सुजय कुमार झालाई आवश्यक कानूनी कारवाही गर्न समेत सम्वन्धित निकायलाई आग्रह गर्दै पार्टी र म विरुद्ध भएका यस्ता कार्यहरुप्रति घोर भर्त्सना गर्दै सो गैर जिम्मेवारीपुर्ण कार्यहरुमा संलग्न वा साक्षी नरहन पार्टीका सम्वन्धित सम्पुर्णमा आग्रह सहित यो प्रेस विज्ञप्ती जारी गर्दछु ।

जय मातृभूमी ॥

......................

रामकुमार महतो
केन्द्रिय अध्यक्ष
नेपाल सदभावना पार्टी


## हार्दिक शुभकामना

**मधेशवाणी साप्ताहिक** २१औं वर्ष प्रवेश गरेकोमा **मधेशवाणी** परिवारलाई र २०८२ नव वर्षको अवसरमा सम्पूर्ण नेपालीजनमा सुख, शान्ति एवं समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।



**डा.शरदसिंह यादव**
**राष्ट्रिय प्रवक्ता**
**जनमत पार्टी**



## हार्दिक शुभकामना

**मधेशवाणी साप्ताहिक** २१औं वर्ष प्रवेश गरेकोमा **मधेशवाणी** परिवारलाई र २०८२ नव वर्षको अवसरमा सम्पूर्ण नेपालीजनमा सुख, शान्ति एवं समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।



**अनिल महासेठ**
**केन्द्रीय सदस्य**
**राष्ट्रिय मुक्ति पार्टी, नेपाल**





## हार्दिक शुभकामना

**मधेशवाणी साप्ताहिक** २१औं वर्ष प्रवेश गरेकोमा **मधेशवाणी** परिवारलाई र २०८२ नव वर्षको अवसरमा सम्पूर्ण नेपालीजनमा सुख, शान्ति एवं समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।





**उमेश मण्डल**
**केन्द्रीय सदस्य**
**तराई-मधेश लोकतान्त्रिक पार्टी**

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
**महोत्तरी, मधेश प्रदेश**



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
